जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १३० २०८० साल पुस ६ गते शुक्रबार (22 Dec. 2023 Friday) मूल्य रु. ५/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कार्यान्वयन हुने योजना समेटेर ३ पृष्ठमा : सामाजिक सञ्जाल नियमनका ... ३ पृष्ठमा : गाजामा बालबालिकाका लागि ...

# उच्च बारमा एशोसिएशनमा हरेराम र बलराम प्यानलको उम्मेदवारी



हरेराम यादव



बलराम सिंह

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

स्थानीय कानुन व्यवसायीहरुको साझा संगठन उच्च अदालत बार एशोसिएशन राजविराजको निर्वाचनमा कानुन व्यवसायी हरेराम यादव र बलराम सिंह आमने सामने भएका छन् ।

एशोसिएशनको अगामी पुष १४ गते शनिवार नयाँ नेतृत्वका लागी निर्वाचन हुदैछ । अध्यक्ष सहित १३ पदका लागी हुने निर्वाचनमा लोकतान्त्रिक कानून व्यवसायी समूह तथा प्रगतिशिल पेशागत समावेशी कानून व्यवसायी समुह प्यानल सहित चुनावी मैदानमा उत्रेका छन् ।

लोकतान्त्रिक कानून व्यवसायी समूहबाट अध्यक्ष पदमा हरेराम यादव, उपाध्यक्ष धमेन्द्र यादव, सचिव मो.समिम अख्तर र कोषाध्यक्षमा उमाशंकर देव रहेका छन् । सोही प्यानलबाट सदस्यहरुमा डा. संतोष कुमार चमन यादव, दिनेश कुमार सिंह, डा. शिव नारायण यादव, रामचन्द्र मण्डल, राज कुमार साह, नित्यदेव प्रसाद यादव, चन्द्रकान्त यादव, किसुन देव ठाकुर र कौशल किशोर दत्त चुनावी मैदानमा छन् ।

यस्तै प्रगतिशिल पेशागत समावेशी कानून व्यवसायी समुहबाट अध्यक्ष पदमा बलराम प्रसाद सिंह, उपाध्यक्ष तेजनारायण चौधरी, सचिव दानो कुमारी चौधरी र कोषाध्यक्षमा बालकृष्ण कार्की रहेका छन् । उक्त प्यानलबाट सदस्यहरुमा प्रदिप कुमार मण्डल, उदयचन्द्र जैन, राजकुमार टरैत, भागवत यादव, राम नारायण चौधरी, प्रेम कुमार आले, लिलाम्बर कर्ण र सुरेन्द्र कुमार दास चुनावी प्रतिस्पर्धामा होमिएका छन् ।

कोषाध्यक्ष पदमा दुबै प्यानलमा नरही स्वतन्त्र उम्मेदवारी दिएर उपेन्द्र यादव पनि आफ्नो भाग्य आजमाउँदै छन् । मनोनयन फिर्ता लिने अन्तिम दिन विहिवार यादवले आफ्नो नाम फिर्ता नलिएर उम्मेदवारी कायमै राखे पछी कोषाध्यक्ष पदमा त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ ।

सह-सचिव पदमा भने दुबै प्यानलबाट उम्मेदवारी नपरेपछी सो पद रिक्त हुन गएको र उक्त पद पछी मनोनयन प्रक्रियाबाट पूर्ती गरिने निर्वाचन समितिले जनाएको छ । यस्तै केन्द्रिय पार्षद पदमा लोकतान्त्रिक कानून व्यवसायी समूहका सबै ९ जना निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचन समितिका संयोजक धिरेन्द्र कुमार यादवका अनुसार केन्द्रिय पार्षद पदमा डा. देव नारायण यादव, रणधिर कुमार कर्ण, अशोक कुमार झा, बलविर चौधरी, बालाकृष्ण ढुंगाना, मिथलेश चन्द्र लाभ, गुञ्जेश्वर प्रसाद यादव, राम नारायण देव र भुप नारायण यादव निर्विरोध निर्वाचित भएका छन् ।

अध्यक्ष पदका दुबै उम्मेदवारले स्वच्छ न्यायिक वातावरणको सिर्जना, पेशागत हकहितको संरक्षण कानुन तथा न्यायमा सबैको सहज पहुँच, न्यायपालिका प्रति जनताको आस्था बढाउने लगायतका विषयमा काम गर्ने प्रतिबद्धता कानून व्यवसायी माझ राख्ने गरेका छन् ।

अध्यक्ष पदका दुबै उम्मेदवार कानुन व्यवसायी माझ निकै लोकप्रिय भएकाले कसको पल्ला भारी होला भन्ने आँकलन गर्न कठिन भएको मतदाताहरुको भनाई छ ।

दुई वर्षे कार्यकालका लागी

***बाँकी अन्तिम पृष्ठमा***

# लोसपाका केन्द्रिय सदस्य राजाबाबुको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य राजेन्द्र प्रसाद यादव (राजाबाबु) को बिहीबार निधन भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका २ कमलपुर निवासी ८० वर्षिय यादवको आफ्नै घरमा बिहान निधन भएको हो । पंचायत कालमा क्षेत्रपाल समेत बनेका उनी नेपाल सद्भावना पार्टीबाट खुल्ला राजनीतिमा सक्रिय भएका थिए । उनी केही दिनयता अस्वस्थ्य रहदै आएका थिए ।

यसैबीच लोसपा नेपालका वरिष्ठ नेता राजेन्द्र महतो बिहीबार उनको घर पुगि श्रद्धाञ्जली ब्यक्त गरेका छन् । यादवको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर उनले अन्तिम श्रद्धाञ्जली दिएका थिए । सो अवसरमा पार्टीका केन्द्रिय सदस्य जयप्रकाश ठाकुर, दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादवलगायत ठूलो संख्यामा पार्टीका नेता, कार्यकर्ता, समर्थकहरुको उपस्थिति रहेको थियो ।

# सशस्त्र प्रहरीद्वारा २ सय ४० किलो गाजा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

सशस्त्र प्रहरीले ठुलो परिमाणमा लागु औषध गाजा बरामद गरेको छ । आठ वटा बोरमा प्याक गरी राखिएको करिब २ सय ४० केजी गाजा सशस्त्र प्रहरी बल बोडर आउट पोस्टले विहीवार हनुमाननगर कंकालिनी नगरपालिका ८ कोशी पलार क्षेत्रबाट बरामद गरेको हो ।

***बाँकी अन्तिम पृष्ठमा***



# मालपोत प्रमुखमा केशव झालाई जिम्मेवारी दिइयो

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

भुमिसुधार तथा मालपोत कार्यालय राजविराजमा एक हप्ता अघि अधिकृतको रुपमा सरुवा भई आएका केशव कुमार झालाई बिहीबारदेखी कार्यालय प्रमुखको जिम्मेवारी दिइएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बिहीबार उनको नाउँमा कार्यालय प्रमुख तोकिएको भन्दै पत्र पठाएको छ ।

"अर्को व्यवस्था नभएसम्मको लागि मालपोत कार्यालय राजविराज सप्तरीको कार्यालय प्रमुखको हैसियतले दैनिक, प्रशासनिक तथा आर्थिक लगायत सम्पूर्ण अधिकार प्रयोग गर्नेगरी कामकाज गर्न कार्यालय प्रमुखको जिम्मेवारी व्यहोरा मिति २०८०/०९/०५ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ" पत्रकार उल्लेख गरिएको छ ।



प्रमुखको जिम्मेवारी पाएपछि उनले विगतदेखी कार्यालयमा देखिएका विभिन्न खाले समस्यालाई समाधान गर्नेतर्फ पहल थाल्ने प्रतिबद्धता जनाए ।

यसअघिका कार्यालय प्रमुख शिवशरण पण्डितको गत कार्तिक १५ गते नै जिल्ला प्रशासन कार्यालय रौतहटमा पदस्थापन भइसकेको छ । तर, उनले रमाना नलिई झण्डै डेढ महिना भन्दा बढी समयदेखी मालपोत कार्यालय राजविराजको प्रमुख भएरै कामकाज गरिरहेका थिए ।

➢ व्यक्तिगत सवारीको सट्टा ठुला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारी साधनको प्रयोग बढाऔं ।
➢ डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं ।
➢ आफुले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदुषण जाँच गरौं ।

प्रदुषण घटाऔं, वातावरण जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जघन्य अपराधका घटनालाई निरुत्साहित पार्न अग्रसर होऔं

समाजमा हुने गरेका जघन्य अपराधका घटनाहरुलाई निरुत्साहित समाजिक स्तरबाटै अगैसर हुनु जरुरी छ । यस्ता अपराधमा सबै भन्दा पहिला बलात्कारका घटनालाई निरुत्साहित गर्न आवश्यक छ । यो घटना निकै निन्दनिय कार्य हो । पाशविक मानसिकता भएकाहरु महिलालाई उपभोग्य बस्तु ठानेर बलात्कारका घटना बढाएका छन् । बालिकादेखि वृद्धासम्म यस्ता घटनाका शिकार हुने गरेको घटना सार्वजनिक हुँदा हाम्रो समाज मुकदर्शक बनिरहेको छ । महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ । यस्ता घटनाले महिला जगतलाई आतंकित बनाउँछ भने सम्पूर्ण समाज स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक पनि हो ।

हामी नेपाली यस्तो पाशविक युगमा अहिले पनि बाँचिरहेका छौं, जहाँ महिलाहरुलाई मानव भन्दा पनि उपभोग्य वस्तुका रुपमा बुझिरहेका छौं । हामी अहिले पनि घोर अत्याचारको युगमा बाँचिरहेका छौं, जस्तो अनुभव हुने गर्छ । बलात्कार वा बलात्कार प्रयासका घटना हाम्रा समाजको कलंकका रुपमा रहे झैं महिलालाई बोक्सीका नाममा, विधुवाका नाममा र यस्ता अनेकानेक घटनाहरुमा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुँ जसो आइरहेका हुन्छन् ।

अधिकारका लागि लड्न हामी नेपाली जहिले पनि अगाडी नै हुन्छौं तर, यस्ता घटनालाई जडैबाट उखालेर फाल्न कीन चुकेका छौं त ! तसर्थ यस्ता घटनालाई निरुत्साहित पार्न हामी समाजमा बस्ने मानिस एक जुट भएरै लाग्नै पर्ने अवस्था आएको छ ।

# कार्यान्वयन हुने योजना समेटेर बन्दैछ १६ औं योजना

काठमाडौं, ५ पुस (रासस) ।

मुलुकको विकास निर्माण प्रक्रियामा नयाँ खोज्ने र कार्यान्वयन हुने खालका मात्रै योजना छनोट गर्ने उद्देश्य राखेर राष्ट्रिय योजना आयोगले १६ औं योजनाको तयारी गरिरहेको जनाएको छ ।

आयोजना कार्यान्वयनका क्रममा के कस्ता समस्या देखिए, समाधानका लागि गरिएका प्रयास प्रभावकारी भए वा भएनन्  यी र यस्तै प्रश्नको उत्तर खोज्दै जनअपेक्षा सम्बोधन गर्ने गरी नयाँ योजनाको तयारी भइरहेको आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले जानकारी दिनुभयो ।

आयोगमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा उपाध्यक्ष श्रेष्ठ १६ औं योजना तर्जुमा सम्बन्धमा हालसम्म सम्पादन भएका कार्य, योजनाको मस्यौदामाथि प्राप्त भएका मुख्य सुझाव तथा वस्तुनिष्ठ योजना बनाउनका लागि अवलम्बन गर्नुपर्ने उपायका बारेमा जानकारी दिनुभयो ।

विकास निर्माणको काम प्रभावकारी हुन नसक्नुको पछाडि अन्तर सरकारी निकायबीचको समन्वयको अभाव देखिएको, वन क्षेत्रको जग्गा प्रयोग तथा भूमि प्राप्ति र जनशक्तिको उपलब्धतालगायतका अनेकन कारण, त्यसको समाधान खोज्ने लक्ष्यका साथ नयाँ योजनाको तयारी भइरहेको उहाँको भनाइ छ ।

सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समेत नयाँपनको खोजी गर्न लागिएको र त्यसको सुरुआत आगामी आर्थिक वर्षदेखि नै कार्यान्वयनमा जाने उपाध्यक्ष डा श्रेष्ठको कथन छ । “प्रधानमन्त्रीले पनि केही नयाँ गरौं भन्ने सोच राख्नुभएको छ । सोहीअनुसार हामीले आवश्यक प्रबन्ध गरिरहेका छौं । कानुनी सुधार गर्नुपर्ने भए त्यसका लागि पनि आवश्यक तयारी भइरहेको छ”, उहाँले भन्नुभयो ।

आयोगले सोह्रौं योजनाको अन्त्यसम्म मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) रु ८० खर्ब बराबरको बनाउने लक्ष्य राखेको छ । त्यसका लागि सरकार, निजी क्षेत्रका तर्फबाट के कस्तो लगानी र तयारी आवश्यक रहेको भन्ने बारेमा छलफल अन्तिम चरणमा रहेको जनाएको छ । निजी क्षेत्रले सन् २०३० सम्म जिडिपी कूल रु एक सय खर्ब बराबरको हुने प्रक्षेपण गरेको छ ।

सरकार र निजी क्षेत्रले सार्वजनिक गरेको विवरण एक आपसमा मिल्ने खालको नै रहेको जानकारी दिँदै उहाँले पूर्वाधार क्षेत्रमा गरिएको लगानीले दिगोपन दिने बताउनुभयो । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भए पनि सञ्चालनमा आउन नसकेको भनेर तत्काल निराश हुनुपर्ने अवस्था नभएको उल्लेख गर्दै उहाँले त्यसबाट क्रमशः लाभ हासिल हुने स्पष्ट पार्नुभयो ।

सन् २०१९ मा झण्डै १२ लाख पर्यटकले नेपाल भ्रमण गरेको तथ्य पेश गर्दै उहाँले सन् २०२४ मा उक्त नयाँ रेकर्ड बन्ने बताउनुभयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा चलाउँदा पर्यटकको आवागमन बढेको विवरण पेश गर्दै उहाँले भैरहवा र पोखरा विमानस्थल सञ्चालनमा आउँदा त्यसले थप पर्यटन भित्र्याउन सहयोग पुऱ्याउने बताउनुभयो ।

सन् २०२६ मा नेपाल अल्पविकसित देशबाट विकासोन्मुख देशमा स्तरोन्नति हुँदा त्यसले लगानी भित्र्याउन थप सहयोग पुग्ने जानकारी दिँदै उपाध्यक्ष श्रेष्ठले नकारात्मक प्रचार गरेर तथ्यलाई ओझेलमा पार्न नहुने स्पष्ट पार्नुभयो । “त्यसको नकारात्मक पक्षका बारेमा मात्रै चर्चा भएको छ । सकारात्मक पक्ष धेरै छ । यसका बारेमा आयोगले अध्ययन पनि गरेको छ । आवश्यक तयारी पनि गरेको छ”, उपाध्यक्ष श्रेष्ठले भन्नुभयो ।

प्रदेश सरकारलाई थप बलियो बनाउनुपर्नेमा जोड दिँदै उपाध्यक्ष श्रेष्ठले सङ्घीय सरकारका तर्फबाट बनाइदिनुपर्ने ऐन, कानुन समयमा पूरा भए त्यसबाट प्रदेश अपेक्षित रुपमा सबल बन्ने उहाँको भनाइ छ । प्रदेश सरकारलाई कूल बजेटको ४० प्रतिशत उपलब्ध गराउनुपर्नेमा हालसम्म २९ प्रतिशत मात्रै उपलब्ध भएको, आवश्यक कानुन नभएका कारण प्रभावकारी कार्यसम्पादन गर्न नसकेको तथ्यलाई आत्मसात् गरेर जानुपर्ने उहाँको भनाइ छ ।

मन्त्रिपरिषद्ले आयोगको सिफारिसमा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड-२०८० स्वीकृत गरिसकेको छ । यसबाट सङ्घ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण भएको छ । त्यसबाट आयोजनामा हुन सक्ने दोहोरोपनको समस्या अन्त्य हुने विश्वास लिइएको छ ।

सामाजिक सुरक्षाका क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबाट विभिन्न खालका सामाजिक सुरक्षा कार्यक्रम अगाडि बढाइएकाले त्यसमा एकरुपता ल्याउने प्रयास गरिएको उपाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । आयोगले बजेट तर्जुमादेखि संसद्मा बजेट भाषण गर्नेसम्मका कार्य तालिकालाई प्रणालीगत सुधार गर्ने  कार्यविधि तयार भई मन्त्रिपरिषद्मा पुगेको जनाएको छ ।

आयोगका सदस्य डा रामकुमार फुयाँलका अनुसार बजेट निर्माण प्रक्रियालाई परिमार्जन गर्ने उद्देश्यका साथ आयोग, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोको एउटा समूहले उक्त कार्यविधि तयार पारेको हो ।

प्रस्तावअनुसार अब राष्ट्रिय स्रोत अनुमान समितिको बैठक माघ १५ गते बस्छ र बजेट सिलिङ सोही महिना दिइनेछ । आयोगले आगामी आवका लागि बजेट तर्जुमा गर्न सबै निकायलाई पत्र पठाइसकेको छ । सोह्रौं योजना आगामी माघमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

# ‘बीमितले देशभरका अस्पतालबाट सेवा लिनसक्ने व्यवस्था आवश्यक छ’

काठमाडौं, ५ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बीमा गरेका प्रत्येक नेपालीले देशभरिका तोकिएका जुनसुकै अस्पतालबाट स्वास्थ्य सेवा लिन पाउने गरी व्यवस्था गर्न सरोकारवालालाई

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# सामाजिक सञ्जाल नियमनका लागि मस्यौदा तयार

काठमाडौँ, ५ पुस (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जाल नियमन र व्यवस्थानका लागि विधेयकको मस्यौदा तयार गरेको छ। सूचना र प्रविधिको बढ्दो विकाससँगै यसको उपयोग र दुरुपयोगका सवाल सिर्जना भइरहेका बेला सरकारले नियमनका लागि सङ्घीय संसद्मा विधेयक प्रस्तुत गर्ने तयारी गरेको हो।

विज्ञापन बोर्डले बिहीबार आयोजना गरेको डिजिटल माध्यम तथा सामाजिक सञ्जालमा हुने विज्ञापन नियमनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीले सामाजिक सञ्जालको नियमन र व्यवस्थापन चुनौतीको विषय बनेका सन्दर्भमा आमनागरिक र सरोकारवालाको आग्रहका आधारमा विधेयक बनाइएको तथा मस्यौदालाई चाँडै सुझावका लागि सार्वजनिक गरिने जानकारी दिनुभयो। सो विधेयक मस्यौदा समितिका संयोजक सहसचिव सुवेदीले पहिलो पटक यसप्रकारको कानुन बन्न लागेको उल्लेख गर्दै सामाजिक सञ्जालमा हुनसक्ने दुरुपयोग र गलत सूचनाको प्रयोग तथा त्यसबाट हुनसक्ने हानि नोक्सानी रोक्न विज्ञापन नियमनका विषय पनि उक्त कानुनले सम्बोधन गर्ने बताउनुभयो। नेपाल सरकारले सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी निर्देशिका जारी गरिसकेको छ।

बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले प्रस्तावित विधेयकमा विज्ञापनदाता, एजेन्सी र सरोकारवालासँगको राय लिएर सुझाव दिइने बताउनुभयो। उहाँले प्रविधिको विकास र विस्तारलाई रोक्न नसकिने भएकाले यसको नियमन तथा व्यवस्थापन आवश्यक भएकाले बोर्डले सरोकारवालासँगको परामर्शमा विद्युतीय माध्यम र सामाजिक सञ्जालमा हुने विज्ञापनका लागि नियमनका मापदण्ड तयार गरेको बताउनुभयो। नेपाल विज्ञापन सङ्घका अध्यक्ष सोम धितालले नियमन गरिँदा विज्ञापन एजेन्सीका १५ प्रतिशत सेवा शुल्क कटौती हुन नहुने र विज्ञापन बजारमा भइरहेको रोजगारीमा निरुत्साहन हुन नहुनेमा जोड दिनुभयो।

### 'बीमितले देशभरका ...

सुझाव दिनुभएको छ।

मन्त्रालयद्वारा बिहीबार यहाँ आयोजित राष्ट्रिय स्वास्थ्य वित्त रणनीति कार्यान्वयन कार्ययोजना हस्तान्तरण कार्यक्रममा मन्त्री बस्नेले बिमितले जुन ठाउँमा स्वास्थ्य बीमा गरे पनि आवश्यक परेका बेला जुनसुकै अस्पतालमा गएर सेवा लिन पाउने व्यवस्था गर्नु आवश्यक रहेको बताउनुभयो। स्वास्थ्य बीमाको अहिलेको व्यवस्थाअनुसार बीमितले बीमा गर्दा उल्लेख गरेको नजिकको पहिलो स्वास्थ्य संस्थाले थप उपचारका लागि रिफर गरेपछि मात्र अर्को अस्पतालमा उपचार गराउन पाइने व्यवस्था छ।

"कर्मचारी निष्पक्ष नहुँदा बीमाप्रतिको आशङ्का बढेको छ", मन्त्री बस्नेतले भन्नुभयो, "यद्यपि अहिले बीमा बोर्डले सुधारका योजना सुरु गरेको छ। जुन ठाँउबाट बीमा गरे पनि बीमितले देशभरका कुनै पनि अस्पतालबाट सेवा लिनसक्ने व्यवस्था आवश्यक छ।" कार्यक्रममा मन्त्री बस्नेतले स्वास्थ्य वित्त रणनीति कार्यान्वयनमा सबै एकजुट हुन आह्वान गर्नुभयो।

"रणनीति बनाउनु र पारित गर्नुभन्दा पनि महत्वपूर्ण विषय त्यसको कार्यान्वयन हो। नीति कार्यान्वयन जति चाँडो भयो, उति नै मुलुकले फाइदा लिन सक्छ", उहाँले भन्नुभयो।

कार्यक्रममा मन्त्रालयका सचिव डा रोशन पोखरेलले मन्त्री बस्नेतलाई आधारभूत स्वास्थ्य सेवा अनुगमन दिग्दर्शन, (२०८०), राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०/२०९०) तथा स्वास्थ्य बीमा रणनीतिक मार्गचित्र (२०२४-२०३०) हस्तान्तरण गर्नुभयो। उहाँले ती तीनवटा दस्तावेज हस्तान्तरण गर्दै नीति कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारले अपनत्व ग्रहण गर्नुपर्नेमा जोड दिनुभयो।

स्वास्थ्य वित्त रणनीति (२०८०/९०) गत जेठमा बसेको मन्त्रिपरिषद्को बैठकबाट पारित भएको थियो। मन्त्रालयका उपसचिव बाबुराम घिमिरे, डा समीर अधिकारी र डा पुमावति थापाको संयोजनमा द्रुत परिणाम पद्धतिमार्फत उक्त रणनीति कार्यान्वयन योजनाका लागि दस्तावेज निर्माण गरिएको हो।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## विश्व समाचार

# गाजामा बालबालिकाका लागि पिउने पानीको संकट, यूनिसेफद्वारा चिन्ता व्यक्त

संयुक्त राष्ट्रसङ्घ, ५ पुस (रासस/एएफपी)।

गाजामा सुरक्षित पिउने पानीको अभावले रोगका कारण 'धेरै बालबालिका'को दुःखद मृत्यु हुन सक्ने चेतावनी दिइएको छ। संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) का प्रमुख क्याथरिन रसेलले बुधबार गाजामा सुरक्षित पिउने पानीको अभावले रोगका कारण 'धेरै बालबालिका'को दुःखद मृत्यु हुन सक्ने चेतावनी दिनुभएको हो।

"पर्याप्त मात्रामा स्वच्छ पानीको पहुँच जीवन र मृत्युको विषय हो", युनिसेफकी कार्यकारी निर्देशक रसेलले भन्नुभयो, "गाजाका बालबालिकाले 'थोपा थोपा' मात्र स्वच्छ पानी पिउन पाएका छन्। यसका कारण बालबालिका र उनीहरूका परिवारले असुरक्षित स्रोतहरूको पानी प्रयोग गरिरहेका छन् जुन अत्यधिक प्रदूषित छ। सुरक्षित पानीको अभावमा आगामी दिनमा अझ धेरै बालबालिका अभाव र रोगका कारण मर्नेछन्।"

करिब १० हप्ताभन्दा बढी समयदेखि निरन्तर बमबारी भइरहेको घटनापछि मानवीय सतर्कता अपनाइएको हो। गाजा पट्टीको पानी उत्पादन, उपचार र वितरण सञ्जाललाई ठूलो असर पार्ने बमबारीबाट बच्नका लागि १४ लाखभन्दा बढी विस्थापित गाजावासीले प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय युएनआरडब्लुएद्वारा सञ्चालित सुविधाहरूमा वा नजिकै आश्रय लिएका छन्।

युनिसेफका अनुसार दक्षिणी राफा प्रान्तमा हालै विस्थापित बालबालिकासँग दैनिक डेढदेखि दुई लिटर मात्र पानी छ र स्वच्छ खानेपानीको सेवा 'अवरूद्ध अवस्थामा' छ।

संयुक्त राष्ट्रसङ्घीय निकायले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "बाँच्नका लागि मात्र दैनिक न्यूनतम तीन लिटर पानी आवश्यक पर्छ। पिउने पानीको अभावका कारण लाखौं विस्थापित भएका र तीमध्ये आधा बालबालिका पनि खाद्यान्न, आवास, औषधि र सुरक्षाको खाँचोमा छन्।"

युनिसेफले बालबालिकामा झाडापखाला, रोग र कुपोषणको जोखिम बढी हुने भएकोले यस अवस्थाको असर विशेष गरी चिन्ताजनक रहेको चेतावनी दिएसँगै गाजामा आधारभूत पानी र सरसफाइ सेवा प्रदान गर्ने कम्तीमा ५० प्रतिशतसरसफाईका सेवाहरू पनि क्षतिग्रस्त वा नष्ट भएका छन्।

# गाँजा पट्टिमा मृत्यु हुने प्यालेस्टिनीको संख्या २० हजार नाग्यो

गाजा (प्यालेष्टिनी अधिनस्थ क्षेत्र), ५ पुस (रासस/सिन्हवा)।

गत अक्टोवरमा ७ मा इजरायली आक्रमण सुरु भए देखि डिसेम्बर २० सम्म गाजा पट्टिमा मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या २० हजार नाघेको हमास निकट सञ्चार कार्यालयले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिका अनुसार पीडितमध्ये आठ हजारभन्दा बढी बालबालिका, छ हजार २०० महिला छन्। आक्रमणमा ५२ हजारभन्दा बढी ब्यक्तिहरू घाइते भएका छन् भने छ हजार ७०० भन्दा बढी ब्यक्तिहरू बेपत्ता भएका छन्।

इजरायली हमलामा कूल तीन सय दश चिकित्सा कर्मचारी, ३५ सैन्य कर्मचारी तथा ९७ जना पत्रकारहरूको मृत्यु भएको विवरण थप भएको छ। हमलामा हेब्रोन र बेथलेहेमका वेस्ट बैंक सहरमा इजरायली सैनिकसँगको झडपमा दुई प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ।

गत अक्टोबर ७ मा इजरायल-प्यालेस्टिनी द्वन्द्वको दोस्रो चरणसुरु भएदेखि यस क्षेत्रमा इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या ३०३ तीन पुगेको वाफा नामक प्यालेस्टिनी समाचार संस्थाले अधिकारीलाई उद्धृत गरी उल्लेख गरेको छ। इजरायली तालिका अनुसार इजरायलले अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणको बदलामा गाजामा निरन्तर आक्रमण गरिरहेको छ।

# चीनको कोइला खानीमा दुर्घटना हुँदा १२ को मृत्यु १३ घाइते

साङ्घाई, ५ पुस (रासस/एएफपी)।

उत्तरपूर्वी चीनको एक कोइला खानीमा दुर्घटना हुँदा १२ जनाको मृत्यु हुनाको साथै १३ जना घाइते भएको राज्य नियन्त्रित सञ्चारमाध्यमले बिहीबार जनाएको छ। स्थानीय समयअनुसार घटना दिउँसोको ३:५० बजे हेइलोङजियाङ प्रान्तको जिक्सी सहरको बाहिरी भाग स्थित कोईला खानीमा भएको राज्य प्रसारक सिसीटिभीले जनाएको छ।

दुर्घटनामा १२ जनाको मृत्यु तथा १३ जना घाइते भएको तथा घाइतेलाई उपचारको लागि अस्पताल पठाएको तथा थप अनुसन्धान भइरहेको सिसीटिभीले जनाएको छ। आधिकारिक तथ्याङ्कअनुसार गत बर्ष मात्र एक सय ६८ वटा खानी दुर्घटनामा दुई सय ४५ जनाको मृत्यु भएको थियो। गत नोवेम्बरमा हेलोङजियाङस्थित कोइला खानीमा भएको दुर्घटनामा ११ जनाको मृत्यु भएको थियो। यसैगरी सेप्टेम्बरमा चीनको गोन्झाउ प्रान्तको एक कोइला खानीमा आगलागी हुँदा १६ जनाको मृत्यु भएको थियो।

# राष्ट्रिय सभा निर्वाचनका लागि मतदानस्थल तोकिए

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मतदान स्थल तथा मतदान केन्द्र तोकिएको छ ।

माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रत्येक प्रदेशमा एक/एक वटा मतदान स्थल र सोही मतदान स्थलमा दुई/दुई वटा मतदान केन्द्र रहने गरी जम्मा ७ मतदान स्थल र १४ वटा मतदान केन्द्र तोकेको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा बिहीबार जारि विज्ञप्तिमा कोशी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, विराटनगर, मोरङ, मधेश प्रदेशका लागि महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुरधाम, धनुषा, बागमती प्रदेशका लागि श्री भुटनदेवी मा.वि. प्राविधिक शिक्षालय, ब्लक एफ प्राविधिक भवन, हेटौडा, मकवानपुर, गण्डकी प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, पोखरा, कास्की, लुम्बिनी प्रदेशका लागि कर्मचारी मिलन केन्द्रको भवन, घोराही, दाङ, कर्णाली प्रदेशका लागि प्रदेश निर्वाचन कार्यालय, सुर्खेत र सुदूरपश्चिमम प्रदेशका लागि प्रदेश सभा भवन, धनगढी, कैलालीलाई मतदान स्थल तोकिएको उल्लेख छ ।

तोकिएका मतदान स्थलमा प्रदेश सभाका सदस्यले मतदान गर्न र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्नका लागि बेग्ला बेग्लै मतदान केन्द्रहरू रहने जनाइएको छ ।

मतदान केन्द्रको विवरण आयोगको वेवसाइटमा समेत प्रकाशन गरिएको तथा तोकिएका मतदान केन्द्रमा माघ ११ गते बिहान ९ बजेदेखि अपरान्ह ३ बजेसम्म मतदानको कार्य हुने विज्ञप्तिमा उल्लेख छ ।

# कांग्रेसको मधेस प्रदेश सम्मेलन सुरु

जनकपुरधाम, ५ पुस (रासस) ।

नेपाली कांग्रेसको प्रथम मधेस प्रदेश सम्मेलन सुरु भएको छ । शुक्रबारसम्म चल्ने सम्मेलनमा आठ वटै जिल्लाका प्रतिनिधि सहभागी भएका छन् । पार्टीका मधेस प्रदेश महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठले जानकारी दिनुभयो ।

स्थानीय तिरहुतीयागाछी मैदानमा आयोजित सम्मेलनको पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभयो । सम्मेलनमा उपसभापतिद्वय पूर्णबहादुर खड्का, धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा र सहमहामन्त्रीहरू सहभागी हुनुहुन्छ ।

मधेस प्रदेशका आठ जिल्लाका आठ सय २५ जना प्रतिनिधिको सहभागिता रहने सम्मेलनका क्रममा प्रदेश समितिको राजनीतिक, साङ्गठनिक, आर्थिक प्रतिवेदनमाथि छलफल गरिने प्रदेश सभापति कृष्णप्रसाद यादवले जानकारी दिनुभयो ।

सम्मेलन सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न विविध सवालमाथि गम्भीर छलफल गरी महत्वपूर्ण सन्देश प्रवाह गर्न सफल हुने विश्वास मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्रीसमेत रहनुभएका सभापति यादवले बताउनुभयो ।


स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०।०५७५८

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

राजविराज–४, सप्तरी

मिति : २०८०/०९/०६

### बिषय :– लेखापरीक्षक आवश्यक्ता सम्बन्धी सुचना ।

उपरोक्त सम्वन्धमा यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. को आ.व. २०८०/०८१ को बाह्य लेखा परिक्षण गर्न दर्तावाला चार्टर्ड एकाउन्टेन्टस् लेखापरिक्षकको आवश्यक्ता भएकोले ईच्छुक दर्तावाला चार्टर्ड एकाउन्टेन्टस् लेखापरिक्षकलाई तपशिलमा उल्लेखित कार्यविवरण र पारिश्रमिक अनुसार आवश्यक कागजातहरुसहित मिति २०८०/०९/१२ गते सम्म यस संस्थाको कार्यालयमा कार्यालय समय भित्र आवेदन पेश गर्नहुनलाई जानकारी गराईन्छ ।

**तपशिल**

**(क) कार्य विवरण तथा पारिश्रमिक :**

१.यस संस्थाको आ.व.२०८०/०८१ को बार्षिक लेखा परिक्षण गरी प्रतिवेदन पेश गर्ने ।
२. प्रचलित ऐन, कानुन तथा नियमावली अनुसार नितिगत सुधार तथा संशोधनको लागी आवश्यक राय सुझाव पेश गर्ने ।
३. लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम हुने ।

**(ख) आवश्यक कागजातहरु :**

१. निवेदन ।
२. पेशागत प्रमाण पत्रको प्रतिलिपी ।
३. लेखा व्यवसायी सदस्यता प्रमाण पत्रको प्रतिलिपी ।
४. नविकरण भएको लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलीपी ।
६. लेखापरिक्षकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. लेखा परिक्षणमा नियुक्तिका लागी अयोग्य नभएको स्वघोषणा ।

संचालक समितिको आज्ञाले
ब्यवस्थापक


# बैङ्किङ कसुर मुद्दामा फरार रहेकी महिला पक्राउ

**दैनिक समाचारदाता**
**बिराटनगर, ५ पुस ।**

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको पिआइटी समुहबाट खटिएको प्रहरी टोलीले बैंङ्किङ कसुर (चेक बाउन्स) मुद्दाका एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इटहरी उप-महानगरपालिका ५ सुनसरीकी ३४ बर्षीया सन्जु बस्नेत छिन् । उनलाई खोजतलास गर्ने क्रममा गाँउघरमा नै लुकिछिपी बसेको अबस्थामा फेला पारि पक्राउ गरेको प्रहरीले जनाएको छ ।

बैंङ्किङ कसुर (चेक बाउन्स) मुद्धामा बस्नेतलाई उच्च अदालत बिराटनगरको २०७९ फागुन २ गतेको फैसला अनुसार ३ दिन कैद र नगद १ लाख ५० पचास हजार रुपैया जरिवाना तोकिएको छ ।

प्रदेश प्रहरी कार्यालय अनुसार पक्राउ परेकी बस्नेतलाई अदालतमा उपस्थित गराइ तोकिएको कैद भुक्तानको लागि जिल्ला कारागार मोरङ पठाइएको छ ।

# रेड कर्नर नोटिस जारी गरिएका चार जना विदेशबाट पक्राउ

काठमाडौँ, ५ पुस (रासस) ।

नेपाल प्रहरीले एक हप्ताको अवधिमा इन्टरपोलबाट रेड कर्नर नोटिस जारी भई फरार रहेका चारजनालाई विदेशबाट पक्राउ गरी नेपाल ल्याएको छ । प्रहरीले इन्टरपोल तथा विभिन्न सदस्य राष्ट्रको समन्वयमा विभिन्न मुद्दामा इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भएका उनीहरुलाई नेपल ल्याइएको हो ।

प्रहरी नायब महानिरीक्षक कुवेर कडायतका अनुसार युनाइटेड अरब इमिरेटस् (युएई) को दुबईबाट तीन तथा कुवेतबाट एकजनालाई नेपाल ल्याइएको हो । विद्युतीय कारोबारको कसुरमा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका प्यूठानको सरुमारानी गाउँपालिका-१ का ३३ वर्षीय सगीर अहमदलाई पक्राउ गरी बुधबार नेपाल ल्याइएको हो

यसअघि स्याङ्जाको वालिङ नगरपालिका-११ भोर्लेका ३५ वर्षीय यामबहादुर बुढाथोकी, काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका-८ का ३१ वर्षीय उमेश लामा र सर्लाहीको जानकीनगरका कोमलराज उपाध्यायलाई पक्राउ गरी नेपाल ल्याएको प्रहरी नायब महानिरीक्षक कडायतले बताउनुभयो ।

***उच्च बारमा ...***

हुने एशोसिएशनको निर्वाचनमा कुल २ सय ३ मतदाता रहेको तथा मतदान सकिए कै दिन मतगणना कार्य सूरु हुने कार्यक्रम तय गरिएको निर्वाचन समितिले जनाएको छ ।

***सशस्त्र प्रहरीद्वारा ...***

गोप्य सुचनाका आधारमा दिउँसो १ बजेतीर पुगेको सशस्त्र प्रहरीको बर्साइनस्थित टोलीले सो परिमाणको गाजा बरामद गरेको सशस्त्र प्रहरीबल नेपाल नं ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

लागु औषधको रुपमा गाजाको प्रयोग र कारोबार बढ्दै गएपछि सीमा क्षत्रमा बढाइएको निगरानीका क्रममा उक्त गाजा बरामद भएको सशस्त्र प्रहरी बलमा सुचना अधिकारी नायब उपरिक्षक मोहन राज विष्टले जानकारी दिए ।

बरामद गाँजा विहीवारै नेपाल प्रहरीको जिम्मा लगाई गाजा लुकाई राख्ने ब्यक्तीबारे थप अनुसन्धान भईरहेको उनले बताए ।


## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*